National News

June 25, 2024

**प्रमुख समाचार:**

1. सरकार र प्रतिपक्षबीच लोकसभा अध्यक्ष पदका लागि जुट्न सकेन सहमति

2. अठारौँ लोकसभाको पहिलो सत्रको दोस्रो दिन आज पनि निवनिर्वाचित सांसदहरूले लिए शपथ

3. राष्ट्रिय परीक्षा निकायमार्फत हुने परीक्षासम्बन्धी गठित विज्ञहरूको उच्चस्तरीय समितिको बस्यो पहिलो बैठक

4. बंगलादेशको मुक्ति संग्राममा भारतले खेलेको भूमिकालाई भुल्न नसकिने बंगलादेशका प्रधानमन्त्रीको भनाइ

5. दिल्लीका मुख्यमन्त्री श्री अरबिन्द केजरीवाललाई जमानत दिने ट्रायल कोर्टको आदेशलाई रोक्यो दिल्ली उच्च अदालतले

## Lak Sabha Speaker Election

आज सरकार र प्रतिपक्षबीच लोकसभा अध्यक्ष पदका लागि सहमति जुट्न सकेन। भारतीय जनता पार्टीका सांसद श्री ओम बिरला यसपटक पनि राष्ट्रिय लोकतान्त्रिक गठबन्धन, एन.डी.ए-बाट अध्यक्ष पदका लागि उम्मेदवार हुनुहुनेछ। अर्कोतर्फ, विपक्षी इन्डिया गठबन्धनले कांग्रेस सांसद के. सुरेशलाई यस पदमा उम्मेदवार बनाएको छ। लोकसभा अध्यक्ष पदका लागि दुवै उम्मेदवारले आज उम्मेदवारी दर्ता गराउनुभयो। यसअघि कांग्रेस सांसद श्री राहुल गान्धीले विपक्षी अध्यक्ष उम्मेदवारलाई समर्थन दिन तयार रहेको तर उपाध्यक्ष पदका लागि विपक्षी दलबाट उम्मेदवार हुनुपर्ने बताउनुभएको थियो। लोकसभा अध्यक्ष पदका लागि भोलि चुनाव हुनेछ। यसबीच, राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलेआउँदो बिहीबार लोकसभा र राज्यसभा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुनेछ।

## Lok Sabha Oath

18 औँ लोकसभाको पहिलो सत्रको दोस्रो दिन आज पनि धेरै नवनिर्वाचित सांसदहरूले शपथ लिए। सपथ लिनेमा महाराष्ट्रका प्रमुख सांसदहरूमा एनसीपी-शरद पवारका सुप्रिया सुले र अमोल खोले, शिवसेना-शिन्दे गुटका डा श्रीकान्त शिन्दे, नारायण राणे र शिवसेना उद्धव बालासाहेब ठाकरे गुटका अरविन्द सावन्त छन्। पंजाबका कांग्रेस सांसद चरणजीत सिंह चान्नी, अकाली दलका हरसिमरत कौर बादल र बीजेपीका सम्बित पात्रा, बैजयन्त पाण्डा र ओडिशाका प्रताप चन्द्र सारंगीले शपथ लिए। मणिपुरका कांग्रेस सांसद अल्फ्रेड कन्नगाम एस, आर्थर र अंगोम्चा विमोल अकोइजामले पनि आज सपथ लिए। राजस्थानका भाजपा सांसद ओम बिराला र दुष्यन्त सिंह, कांग्रेस सांसद हरिशचन्द्र मीना, सीपीआई-एमका अमर राम र आरएलपीका हनुमान बेनिवालले सपथ लिए। तमिलनाडुबाट डी.एम.के-का दयानिधि मारन, टीआर बालु र कनिमोझी करुणानिधि, कांग्रेसका शशिकांत

सेन्थिल र के. गोपीनाथले शपथ लिए। तेलंगानाबाट भाजपाका अरविन्द धर्मपुरी, कांग्रेसका सुरेश कुमार शेटकर र ए.आई.एम.आई.एम-का असदुद्दीन ओवैसीले शपथ लिए। हिन्दी, उर्दू र अङ्ग्रेजीबाहेक सांसदहरूले आज पंजाबी, मराठी, उडिया, तमिललगायत अन्य धेरै भाषामा सपथ लिएका छन्। लोकसभाको पहिलो दिन हिजो जम्मा २६६ सांसदले सपथ लिए भने बाँकी सांसदले आज सपथ लिएका छन्।

## NTA-Experts Committee

राष्ट्रिय परीक्षा निकाय, NTA-मार्फत हुने परीक्षालाई पारदर्शी, चुस्त र निष्पक्ष सञ्चालन गर्नका लागि शिक्षा मन्त्रालयले गठन गरेको विज्ञहरूको उच्चस्तरीय समितिको पहिलो बैठक हिजो बस्यो। समितिका अध्यक्ष डा के. राधाकृष्णनले सञ्चारमाध्यमसँग कुरा गर्दै, समितिको प्राथमिकता विद्यार्थी र अभिभावकको चासो र सुझाव जान्नु रहेको बताउनुभयो। समितिले विद्यार्थीको कठिनाइ र तनाव कम गर्ने उद्देश्यले बलियो प्रणाली विकास गर्नेतर्फ पनि विचार गरिरहेको उहाँले बताउनुभयो। सरकारले इसरोका पूर्व अध्यक्ष डा. के. राधाकृष्णनको अध्यक्षतामा सात सदस्यीय विज्ञहरूको समिति गठन गरेको छ। समितिलाई निकायको परीक्षा प्रक्रियामा दक्षता अभिवृद्धि गर्न, डाटा सेक्युरिटी प्रोटोकलमा सुधार गर्न र एजेन्सीको संरचना र कार्यप्रणालीको समीक्षा गर्न सिफारिस गर्ने जिम्मेवारी दिइएको छ। समितिले विद्यमान प्रक्रियाहरूको मूल्याङ्कन गर्नेछ, सुधारको सुझाव दिनेछ र NTA मा स्पष्ट भूमिका र जिम्मेवारीहरू परिभाषित गर्नेछ। समितिले विद्यमान गुनासो निवारण संयन्त्रको मूल्याङ्कन गरी त्यसलाई सुदृढ बनाउन प्रस्ताव गर्नेछ। समितिले दुई महिनाभित्र शिक्षा मन्त्रालयमा प्रतिवेदन बुझाउनेछ।

## Bangladesh PM

बंगलादेशका प्रधानमन्त्री श्रीमती शेख हसिनाले टिस्टा नदी परियोजनाको गुरुयोजनाका सम्बन्धमा भारत र चीनबाट आएका प्रस्तावमध्ये बंगलादेशको हितमा रहेको प्रस्तावलाई मात्र छनौट गरिने बताउनुभएको छ। उहाँले हालैको भारत भ्रमणका उपलब्धिबारे आज ढाकामा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै यो कुरा बताउनुभएको हो। उहाँले आफ्नो भ्रमणले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन सहयोग पुग्ने बताउनुभयो। यस अवसरमा श्रीमती हसिनाले टिस्टा नदी परियोजनाको विशेष उल्लेख गर्नुभयो र भारतले परियोजनाका लागि प्राविधिक टोली पठाउने प्रस्ताव राखेको र त्यसमा विचार भइरहेको जानकारी दिनुभयो। उहाँले लामो समयदेखि भारतसँग टिस्टा नदी परियोजनाको मुद्दा चलिरहेको र भारतबाट सहयोग पाइएमा टिस्टा नदीको पानी बाँडफाँडलाई लिएर पटक-पटक कुरा गरिरहनु नपर्ने बताउनुभयो। चीन र भारतसँग समान मैत्रीपूर्ण सम्बन्ध कायम गर्नेसम्बन्धी प्रश्नमा उहाँले सबैसँग मिलेर अघि बढ्न चाहेको, तर, बंगलादेशको मुक्ति संग्राममा भारतले खेलेको भूमिकालाई कहिल्यै भुल्न नसकिने पनि बताउनुभयो।

## Finance Minister

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज नयाँ दिल्लीमा व्यापार र सेवा क्षेत्रका प्रतिनिधिहरूसँग आगामी बजेटमा सुझावहरू आमन्त्रित गर्न पूर्वबजेट परामर्श बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय वित्त राज्यमन्त्री श्री पंकज चौधरी, मुख्य आर्थिक सल्लाहकार श्री वी. अनन्त नागेश्वरन, वित्त सचिव टीवी सोमनाथन, खर्च विभागका सचिव, आर्थिक मामिला विभागका सचिव र वाणिज्य तथा उद्योग मन्त्रालयका सचिवहरू उपस्थित

थिए। अर्को बैठकमा श्रीमती सीतारामनले रोजगारी तथा सीप विकासका क्षेत्रका विज्ञहरूसँग पनि छलफल गर्नुभयो।

## Kejriwal

दिल्ली उच्च अदालतले कथित दिल्ली उत्पादन नीति घोटालामा मुख्यमन्त्री अरविन्द केजरीवालको जमानत याचिका आज खारेज गरेपछि आम आदमी पार्टीका नेताहरूले अदालतको निर्णयसँग असहमत रहेको बताएका छन्। दिल्ली सरकारका मन्त्री श्री सौरभ भारद्वाजले तल्लो अदालतको फैसलालाई नहेरी उच्च अदालतले रोक लगाएको बताउनुभएको छ। न्यायमूर्ति सुधीर कुमार जैनको अवकाश पीठले श्री केजरीवाललाई जमानत दिने ट्रायल कोर्टको आदेशमा रोक लगाउन प्रवर्तन निर्देशनालय, ईडी-को याचिकामा आफ्नो फैसला सुनाएको हो। उच्च अदालतले ट्रायल कोर्टले अनुसन्धान एजेन्सीलाई राम्रोसँग नसुनेको ईडीको आरोपसँग सहमति जनाएको छ।

## Foreign Minister-China Ambassador

चीनका नवनियुक्त राजदूत श्री सु फेइहोङले आज दिल्लीमा विदेशमन्त्री डा. एस जयशंकरसँग भेटवार्ता गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा, डा. जयशंकरले दुवै पक्षबीच भारत-चीन द्विपक्षीय सम्बन्ध र साझा हितलाई सुदृढ र बलियो बनाइराख्न छलफल भएको जानकारी दिनुभएको छ। डा जयशंकरले चिनियाँ राजदूतको सफल कार्यकालको कामना पनि गर्नुभयो।

## Rijiju-Speaker

संसदीय मामिला मन्त्री श्री किरण रिजिजुले आज लोकसभा अध्यक्ष सर्वसम्मत र निर्विरोध चुन्नुपर्ने आज बताउनुभयो। उहाँले संसद भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै, स्वतन्त्रतायता आजसम्म लोकसभा अध्यक्ष पदका लागि चुनाव हुन नसकेको बताउनुभयो। लोकसभा अध्यक्षको नाममा सहमतिका लागि सरकारले विपक्षी दलका नेताहरूसँग कुरा गरेको उहाँले जानकारी दिनुभयो। तर कांग्रेस नेतृत्वको प्रतिपक्षले सर्त राख्दै उपाध्यक्ष पदको माग गरेको थियो। श्री रिजिजुले सहमति सशर्त हुन नहुने बताउँदै अध्यक्ष चयनमा छुट्टै निर्णय लिन आफू तयार रहेको बताउनुभयो।

## Wrestling

जोर्डनको राजधानी अम्मानमा सम्पन्न अन्डर-१७ एसियन कुस्ती च्याम्पियनसिपमा भारतले आफ्नो अभियानको सानदार समापन गरेको छ। भारतीय टोलीले चार स्वर्ण, दुई रजत र पाँच कास्यसहित कुल ११ पदक जित्यो। चारै स्वर्ण पदक महिला पहलवानले जितेका थिए । ४६ केजीमा दीपांसी, ५३ केजीमा मुस्कान, ६१ केजीमा रजनीता र ६९ केजीमा मानसी लाथेरले उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण पदक जिते भने ४० केजीमा राजबालाले रजत पदकमै सन्तुष्ट रहिन्। पुरुषतर्फ ५५ केजी तौल समूहमा समर्थ गजानन मकाभेलेले कडा प्रतिस्पर्धामा रजत पदक जितेका छन्। ६५ केजीमा आकाश, ७१ केजीमा सचिन कुमार, ४८ केजीमा विकास कछाप, ६० केजीमा तुषार तुकाराम पाटिल र ११० केजीमा राउङ्कलेले कास्य पदक जितेर आफ्नो राम्रो प्रदर्शन गरेका छन्।